

# कुहिरो

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# कुहिरो

नताशा भिजकारा

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र

# विषय सूची



| | |
|---|---|
| कुहिरो के हो ? | ६ |
| कुहिरो कसरी बन्छ ? | ८ |
| कुहिरो कति बेला फाट्छ ? | १२ |
| कुहिरोका किसिम | १३ |
| कुहिरोका खतरा | १५ |
| कुहिरोबारे रमाइला तथ्यहरू | १६ |
| शब्द अर्थ | १८ |

तिमी कहिल्यै बिहान सबेरै घरबाहिर गएको छौ ? आफूलाई सेतो हुस्सुले वरिपरिबाट घेरेको पाएको छौ ? तिम्रो वरिपरिको त्यो हुस्सु सायद कुहिरो हुनसक्छ ।



## कुहिरो के हो ?

कुहिरो वास्तवमा हावामा उडिरहेका मसिना पानीका थोपाहरूले बनेको हुन्छ । बादल पनि त्यही कुराले बनेको हुन्छ । फरक के छ भने कुहिरो जमिनको नजिकै बस्छ, बादल चाहिँ आकाशमा उड्छ ।



कुहिरो चिसो हुन्छ र हाम्रो छालालाई ओसिलो बनाउँछ । कुहिरो लाग्दा करिब २० फिट परका कुराहरूसमेत देख्न गारो हुन्छ । धेरै नै चिसो हुँदा कुहिरो हावामा तैरिएका बरफका मसिना टुक्राबाट बनेको हुन्छ ।



# कुहिरो कसरी बन्छ ?

कुहिरो प्राय: पानीका स्रोतहरू वा असिलो जमिन माथिबाट चिसो हावा बहँदा बन्दछ ।




ताल, पोखरी र नदीहरूमाथिको हावामा जलवाष्प (पानीको बाफ) धेरै हुन्छ । वर्षाले जलमग्न बनाएको जमिनमाथिको हावामा पनि त्यस्तै हुन्छ ।



**छोटो तथ्य**


जलवाष्प भनेको पानीको वायु रूप हो

हावा जति न्यानो हुन्छ, त्यसले त्यति नै बढी जलवाष्प बोक्न सक्दछ । जब यो न्यानो संतृप्त हावा चिसिन्छ, यसले पानी बोक्ने क्षमता गुमाउँछ ।





केही जलवाष्प तरलमा परिणत हुन बाध्य हुन्छन् । ती पानीका मसिना कणमा परिणत हुन्छन् । जब प्रशस्त जलवाष्प पानीका मसिना कणमा परिणत हुन्छ, तब कुहिरो बन्दछ ।



## कुहिरो कति बेला फाट्छ ?

झरीको दिनपछि बिहान सबेरै कुहिरो लागेको हुनसक्छ । घाम चर्कँदै र हावा तात्दै जाँदा कुहिरो हराउँछ । किनभने तातो हावाले कुहिरोलाई जलवाष्पमा परिणत गर्दछ ।



# कुहिरोका किसिम

**भुइँ कुहिरो** प्राय: राति वा झिसमिसेभन्दा ठिक अघि देखापर्छ र बिहान हराउँछ ।

**भीर कुहिरो** पहाडी र हिमाली क्षेत्रमा देखिन्छ ।



भीर कुहिरो

**बाक्लो/वर्षा कुहिरो** प्रायः आँधीपछि देखा पर्दछ ।

**समुद्री धुवाँ वा वाष्पीय कुहिरो** चिसो हावा तातो पानी माथिबाट उड्दा देखापर्छ ।



वाष्पीय कुहिरो

# कुहिरोका खतरा

कुहिरो सुन्दर हुन सक्दछ तर यो खतरापूर्ण पनि हुन सक्दछ । धेरै सडक दुर्घटना बाक्लो कुहिरो लागेको समयमा हुने गर्दछन् । चालकले आफ्नो सामुन्नेमा के छ भन्ने नदेखेर सवारी दुर्घटना हुन पुग्छ ।



# कुहिरो बारे रमाइला तथ्यहरू

- कुहिरोले देख्ने सकिने दुरीलाई एक किलो मिटरभन्दा कममा झार्दछ ।
- विश्वमा सबैभन्दा धेरै कुहिरो लाग्ने देश अर्जेन्टिनालाई मानिएको छ । यहाँ एक वर्षमा २०० दिनभन्दा बढी कुहिरो लाग्दछ ।



- क्यानाडाको न्यु फाउन्डल्यान्ड टापुका किनारा अर्थात् ग्रान्ड ब्याङ्क्स् विश्वकै सबैभन्दा बढी कुहिरो लाग्ने ठाउँ हो ।





# शब्द अर्थ

**जलमग्न** – पुरै भिजेको

**हुस्सु** – मसिना पानीका कण हावामा तैरिरहेको अवस्था

**वर्षा** – आकाशबाट पानी पर्नु

**संतृप्त** – पुरै सोसेको, जति पानी वा आर्द्रता सोस्न सकिन्छ त्यति नै बोक्नु ।

**जलवाष्प** – पानीको बाफ/ग्यास रूप

**वाष्प** – कुनै पनि तरल पदार्थको ग्याँस रूप

# पाठकका निम्ति प्रश्नहरू

१. कुहिरो केले बनेको हुन्छ ?

२. कुहिरो र बादलबिच के फरक छ ?

३. कुहिरोका केही किसिम के के हुन् ?

४. कुहिरो किन खतरापूर्ण हुनसक्छ ?

५. तिमीले कुहिरो देखेका छौ ? तिमीले के देख्यौ ? व्याख्या गर :